# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०७/२०७९/०८०

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट मिति २०७९।०४।१३ गते प्रकाशित सूचना अनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिमको कार्यक्रममा सहभागी हुन उल्लिखित सूचना अवधिमा यस गाउँपालिका मार्फत् आवेदन गर्ने गाउँपालिका क्षेत्रभित्रका देहायमा उल्लिखित प्राथमिकताक्रम अनुसारका सामुदायिक विद्यालयहरुलाई तपसिलमा उल्लेख भए बमोजिमको शैक्षिक आयोजना सञ्चालन गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | आयोजना/कार्यक्रमको नाम | अनुमानित लागत | आयोजनागत प्राथमिकताक्रम नं. |
|---|---|---|---|---|
| १. | श्री जनकल्याण माध्यमिक विद्यालय, कानेपोखरी ७ | ४ कोठे भवन | प्रस्तावनामा उल्लेख भए बमोजिम। | ४ कोठे भवन २ नं. |
| २. | श्री माध्यमिक विद्यालय भौंसाबारी, कानेपोखरी ५ | ४ कोठे भवन | | ४ कोठे भवन ६ नं. |
| ३. | श्री सिंहदेवी माध्यमिक विद्यालय, कानेपोखरी ५ | २ कोठे भवन | | २ कोठे भवन ३ नं. |
| ४. | श्री सिंहदेवी माध्यमिक विद्यालय, कानेपोखरी ५ | ICT ल्याब व्यवस्थापन | | ICT १ नं. |
| ५. | श्री सरस्वती आधारभूत विद्यालय, कानेपोखरी ६ | २ कोठे भवन | | २ कोठे भवन २ नं. |
| ६. | श्री माध्यमिक विद्यालय होक्लाबारी, कानेपोखरी १ | ४ कोठे भवन | | ४ कोठे भवन ४ नं. |
| ७. | श्री मैनावारी आधारभूत विद्यालय, कानेपोखरी २ | २ कोठे भवन | | २ कोठे भवन १ नं. |
| ८. | श्री पञ्चज्योति आधारभूत विद्यालय, कानेपोखरी ६ | ४ कोठे भवन | | ४ कोठे भवन ५ नं. |
| ९. | श्री जनसेवा माध्यमिक विद्यालय, कानेपोखरी ६ | ICT ल्याब व्यवस्थापन | | ICT ४ नं. |
| १०. | श्री बाल माध्यमिक विद्यालय, कानेपोखरी ३ | ICT ल्याब व्यवस्थापन | | ICT ३ नं. |
| ११. | श्री जनता आधारभूत विद्यालय, कानेपोखरी ४ | ४ कोठे भवन | | ४ कोठे भवन १ नं. |
| १२. | श्री शिक्षासदन माध्यमिक विद्यालय, कानेपोखरी ३ | ICT ल्याब व्यवस्थापन | | ICT २ नं. |
| १३. | श्री जनता आधारभूत विद्यालय, कानेपोखरी ५ | ४ कोठे भवन | | ४ कोठे भवन ७ नं. |

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा श्री जिल्ला प्रशासन कार्यालय, मोरङका प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा यही मिति २०७९।०४।२५ गतेका दिन यस गाउँपालिकाको सबै वडामा राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियान कार्यक्रम सञ्चालन गर्ने विषयमा गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत/सबै वडाका वडा अध्यक्ष/कार्यपालिका सदस्य र रुजु अधिकारीलाई लक्षित गरेर सञ्चालन भएको एक दिवसीय अभिमुखीकरण कार्यक्रमका विषयमा यस बैठकमा जानकारी भयो। राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियानलाई सफल पार्न सबै वडामा खटिनुपर्ने जनप्रतिनिधि, रुजु अधिकारी, दर्ता सहयोगी, विवरण संकलनका लागि खटिई आउने प्राविधिक टिम, गाउँ कार्यपालिकाको कार्यालय र सबै वडाका सम्बन्धित कर्मचारीहरुलाई कार्यालय समयभन्दा बाहेकको समय र सार्वजनिक बिदाका दिनमा समेत खटाई छिटोभन्दा छिटो विवरण संकलन अभियान सम्पन्न गर्ने व्यवस्था मिलाउने र त्यसरी खटिने जनशक्तिलाई कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ मा व्यवस्था भए बमोजिम खाना तथा खाजाको व्यवस्था गाउँपालिकाको सम्बन्धित खर्च शीर्षकबाट व्योहोर्ने र पर्याप्त प्रचारप्रसार समेत गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (३)**



राजमती इङ्नाम
अध्यक्ष

प्रस्ताव नं. (३) माथि छलफल गर्दा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि जग्गा नापजाँच कार्यमा सहजीकरण गर्न श्री राष्ट्रिय भूमि आयोग, नापी विभाग तथा जिल्ला समितिबाट खटिई आएका प्राविधिक कर्मचारी र त्यसरी खटिएका कर्मचारीले गर्ने कार्यमा सहयोग गर्न कार्यालयबाट खटिने कर्मचारीहरुलाई कार्यालय समयका अतिरिक्तको समय र सार्वजनिक विदाका दिनमा समेत खटाई जग्गा नाँपजाँचको कार्य शीघ्र सम्पन्न गर्ने व्यवस्था मिलाउने र, यसरी उक्त कार्यमा खटिने जनशक्तिहरुलाई कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ मा व्यवस्था भए बमोजिम खाना र खाजा खर्च र एक थान सवारीसाधन भाडामा लिई त्यस्ता जनशक्तिलाई जग्गा नापजाँचको कार्यमा खटाउने व्यवस्था मिलाउने र त्यसमा लाग्ने खर्च सम्बन्धित खर्च शीर्षकबाट व्योहोर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि जग्गा नापजाँच सम्पन्न भएका ६ नं. वडाका १६७ जना लाभग्राहीहरुको विवरण भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि,२०७८ को दफा १२ को उपदफा (१) बमोजिम ६ नं. वडाको वडास्तरीय सहजीकरण समितिको सिफारिसमा सोही वडाको वडा समितिको निर्णय एवम् सोही दफाको उपदफा (२) बमोजिम पालिकास्तरीय सहजीकरण समितिको मिति २०७९।०४।२९ गते बसेको बैठकमा वडा समितिबाट सिफारिस भई आएका लाभग्राहीहरुको विवरण सार्वजनिक गरी उक्त पालिकास्तरीय सहजीकरण समितिले लाभग्राहीको विवरण राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, मोरङमा नियमानुसार जग्गा उपलब्ध गराउन कानेपोखरी गाउँ कार्यपालिकामा सिफारिस समेत गरेकाले सोही कार्यविधिको दफा १२ को उपदफा (३) मा व्यवस्था भए बमोजिम ६ नं. वडाका हालसम्म जग्गा नापजाँच कार्य सम्पन्न भएका १६७ जना लाभग्राहीहरुको विवरण प्रमाणीकरण गरी राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, मोरङमा सिफारिस गरी पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

(राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, मोरङमा सिफारिस गरी पठाइएका १६७ जना लाभग्राहीहरुको विवरणको अभिलेख भूमि सम्बन्धी स्थानीय सेवा केन्द्र, कानेपोखरी गाउँपालिका, मोरङले राखी गाउँपालिकाको वेभसाइट तथा सूचना पाटी मार्फत् सार्वजनिक समेत गर्नु पर्नेछ)

**निर्णय नं. (५)**

प्रस्ताव नं. (५) माथि छलफल गर्दा राष्ट्रिय भूमि आयोगको गठन पश्चात् उक्त आयोगबाट मिति २०७८।१०।२८ गते प्रकाशित ३५ दिने सार्वजनिक सूचना बमोजिम तोकिएको समयभित्र गाउँपालिका क्षेत्रभित्रका सातवटै वडा कार्यालयमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीले पेश गरेको निवेदन फारम सम्बन्धित वडाका वडा सचिवले रुजु गरी सोही वडाका वडा अध्यक्षबाट प्रमाणित भएकोमा सम्बन्धित लाभग्राही स्वयंले पेश गरेको आवाद कमोद गर्दै आएको जग्गाको अनुमानित क्षेत्रफल र वडा अध्यक्षबाट प्रमाणित भई आएको आवाद कमोदको अवधिलाई वडाबाट पेश भई आए बमोजिम नै प्रमाणित गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(यो निर्णयसँग सम्बन्धित विस्तृत विवरणको अभिलेख भूमि सम्बन्धी स्थानीय सेवा केन्द्र, कानेपोखरी गाउँपालिका, मोरङले राखी गाउँपालिकाको वेभसाइट र सूचना पाटी मार्फत् सार्वजनिक समेत गर्नु पर्नेछ)

**निर्णय नं. (६)**

प्रस्ताव नं. (६) माथि छलफल गर्दा **स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८** को दफा ३ को खण्ड (ख) मा व्यवस्था भए बमोजिम देहायमा उल्लिखित पदका कर्मचारीहरु करार सेवामा



राजमती दुग्गनाग
अध्यक्ष

नियूक्ति गर्ने भनी कार्यालयबाट मिति २०७९।०४।१७ मा प्रकाशित सूचना अनुसार उक्त मापदण्ड बमोजिम करार सेवामा कर्मचारी नियूक्ति गर्ने प्रयोजनार्थ तपसिलमा उल्लिखित विषयविज्ञलाई तोक्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

| सि.नं. | पदको नाम | तोकिएको विषयविज्ञको नाम, थर | कैफियत |
|---|---|---|---|
| १. | प्राविधिक सहायक | पुर्वाधार विकास शाखा प्रमुख, इञ्जिनियर, श्री बालकृष्ण निरौला, बेलबारी नगरपालिका, मोरङ। | |
| २. | रोजगार सहायक | प्रमुख प्रशासकीय अधिकृत श्री विनोद भट्टराई, सुन्दरहरैंचा नगरपालिका, मोरङ। | |

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रम एवम् स्थानीय कानून र गाउँ कार्यपालिकाद्वारा कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित पारित कार्यविधि, मापदण्ड एवम् निर्देशिका लगायतका यावत् विषयवस्तुहरुलाई समेटी स्थानीयस्तरमा क्रियाशील राष्ट्रिय मान्यताप्राप्त राजनैतिक दलका गाउँ र वडा तहका प्रमुख एवम् प्रतिनिधि, सञ्चारकर्मी, जनप्रतिनिधि, कर्मचारी लगायत सरोकारवाला सबैलाई लक्षित गरेर नियमितरुपमा अभिमुखीकरण गोष्ठी सञ्चालन गर्ने व्यवस्था मिलाउने तथा उक्त गोष्ठी कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ मा व्यवस्था भएको प्रावधान बमोजिम सञ्चालन गर्ने र सो कार्यका लागि लाग्ने खर्च सम्बन्धित कार्यक्रम एवम् खर्च शीर्षकबाट व्योहोर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (८)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा **कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७९** को दफा ५ को उपदफा (३) को खण्ड (क) ले प्रत्येक वडाबाट कम्तीमा एकजना विद्यार्थीलाई प्राविधिक विधामा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको छात्रवृत्ति उपलब्ध गराइने भन्ने व्यवस्था भएकोमा गाउँपालिका क्षेत्रभित्रका सबै वडाबाट चालु शैक्षिक वर्षमा देहायमा उल्लिखित विधामा छात्रवृत्ति उपलब्ध गराउने र उक्त ऐनले निर्धारण गरेको पद्धति र प्रकृया बमोजिम विद्यार्थी छनोट गरी तपसिल बमोजिमको शिक्षण संस्थामा विद्यार्थी अध्यापन गराउने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**

| वडाको नाम | ऐन बमोजिम चालु शैक्षिक वर्षमा छात्रवृत्ति उपलब्ध गराइने विधा | अध्यापन गराइने शिक्षण संस्थाको नाम र ठेगाना |
|---|---|---|
| १ नं. वडा | कृषि बाली विज्ञान | जनसेवा मावि, रमाइलो, कानेपोखरी |
| २ नं. वडा | कृषि बाली विज्ञान | जनसेवा मावि, रमाइलो, कानेपोखरी |
| ३ नं. वडा | कृषि बाली विज्ञान | जनसेवा मावि, रमाइलो, कानेपोखरी |
| ४ नं. वडा | कृषि बाली विज्ञान | जनसेवा मावि, रमाइलो, कानेपोखरी |
| ५ नं. वडा | कृषि बाली विज्ञान | जनसेवा मावि, रमाइलो, कानेपोखरी |
| ६ नं. वडा | कृषि बाली विज्ञान | जनसेवा मावि, रमाइलो, कानेपोखरी |
| ७ नं. वडा | कृषि बाली विज्ञान | जनसेवा मावि, रमाइलो, कानेपोखरी |



राजमती ... अध्यक्ष

१५२

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०७/२०७९/०८०

**निर्णय नं. (९)**

प्रस्ताव नं. (९) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७९।०८० का लागि स्वीकृत सम्बन्धित बजेट शीर्षकबाट खर्च लेख्ने गरी देहायमा उल्लिखित आयोजना/कार्यक्रम तत्काल सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**

| क.सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | खर्च लेख्ने बजेट शीर्षक | विनियोजित बजेट (रु.) | तत्काल आयोजना सञ्चालन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | फेसबुकचोकमा कल्भर्ट निर्माण, कानेपोखरी ६ | मर्मतसम्भार कोष (नियमित) | स्वीकृत डिजाइन तथा लागत अनुमान बमोजिमको रकम। | बाढीले ह्युमपाइप बगाएको तथा पिच समेतमा क्षति पुगेकोले सडक समेतको संरक्षण गर्नुपर्ने भएकाले। |
| २. | सन्थाल समुदायको मजिथान निर्माण, कानेपोखरी ३ | मठ/मस्जिद/गुम्बा/मन्दिर/चर्च मर्मतसम्भार | स्वीकृत डिजाइन तथा लागत अनुमान बमोजिमको रकम। | - सन्थाल समुदायको धर्म/संस्कार जगेर्नाका लागि उक्त समुदायले आवेदन गरेको तथा वडाले सिफारिस समेत गरेको। |
| ३. | नागरिक आरोग्य सेवा केन्द्रको लागि २ नं. वडा कार्यालयको माथिल्लो तलामा ट्रष्ट लगाई कोठा निर्माण, कानेपोखरी २ | नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन र नपूग रकम समपूरक कोष | स्वीकृत डिजाइन तथा लागत अनुमान बमोजिमको रकम। | नागरिक आरोग्य सेवा केन्द्रमा बिरामी चाप बढेकाले मौजुदा कोठाबाट मात्र सेवा प्रवाह गर्न कठिनाई भएकाले थप कोठाको व्यवस्थापन गर्नुपर्ने भनी २ नं. वडा कार्यालयबाट लेखी आएको। |
| ४. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, कानेपोखरी ७ मा ट्यांकी सहित खानेपानी र विघुत व्यवस्थापन | गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थामा अत्यावश्यक सामाग्री व्यवस्थापन | स्वीकृत डिजाइन तथा लागत अनुमान बमोजिमको रकम। | खानेपानीको व्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्नुपर्ने भएकाले। |
| ५. | सुन्तोली सडक मर्मत, कानेपोखरी ६ | मर्मतसम्भार कोष (नियमित) | स्वीकृत डिजाइन तथा लागत अनुमान बमोजिमको रकम। | बाढीले सडक भत्काएका कारण आवागमन सुचारु गर्न तत्काल सडक मर्मत गर्नुपर्ने भनी ६ नं. वडाबाट लेखी आएको। |

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

**मिति २०७९।०४।३१ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय**

पाना ॥४॥

राजमती हुड्डास
अध्यक्ष